प्रदेश सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन,2076 को दफा 41 तथा कोशी प्रदेश सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, 2077 को नियम 10 बमोजिम तयार गरिएको

# आ.व.2079/80को
# वार्षिक प्रतिवेदन

**प्रदेश सरकार**
**आर्थिक मामिला तथा योजना मन्त्रालय**
**कोशी प्रदेश, विराटनगर**
**श्रावण, 2080**

# १. मन्त्रालयको संक्षिप्त परिचय

नेपालको संविधान बमोजिम संघिय संरचना अनुसार २०७४ माघ २१ गते प्रदेश सरकार गठन भए संगै प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ बमोजिम आर्थिक मामिला तथा योजना मन्त्रालयको स्थापना मिति २०७४/१०/२९ मा भएको हो। हाल प्रदेश सरकार (कार्यविभाजन) नियमावली, 207९ को नियम 4 सँग सम्बन्धित अनुसूची 2 को कार्यविभाजन अनुसार बुँदा नं.3 मा उल्लेखित यस मन्त्रालयको 2५ वटा विषयहरुमा कार्यक्षेत्र निर्धारण भएको छ।

यस मन्त्रालयमा माननीय मन्त्रीको राजनैतिक नेतृत्व र प्रदेश सचिवको प्रशासनिक नेतृत्वमा महाशाखा प्रमुख (उपसचिव) लगायत अन्य ४७ जना कर्मचारीको दरबन्दी रहेको छ। नेपाल सरकारको राजपत्रांकित प्रथम श्रेणीको प्रदेश सचिव तथा रा.प. द्वितीय श्रेणीको अधिकृत (उपसचिव) महाशाखा प्रमुख रहने व्यवस्था रहेको छ। यस मन्त्रालयले प्रदेशको आर्थिक अवस्थाको विश्लेषण तथा आर्थिक नीतिको तर्जुमा, कार्यान्वयन र नियमनका साथसाथै प्रदेशगत विनियोजन, राजस्व, धरौटी, कार्यसंचालन कोष र अन्य सरकारी कोष तथा सम्पत्तिको एकीकृत विवरण र लेखा परीक्षण लगायतका कृयाकलापहरु सम्पादन गर्दछ।पछिल्लो कार्यविभाजन नियमावलीले गरिबी निवारण सम्वन्धि कार्यक्षेत्र समेत यस मन्त्रालय अन्तर्गत रहने व्यवस्था गरेको छ।

यस मन्त्रालयले कर्मचारी सरुवा, बढुवा, सजाय तथा रेकर्ड व्यवस्थापन, समय समयमा विभिन्न निर्देशनात्मक कार्य, प्रदेश स्थित विभिन्न मन्त्रालय तथा कार्यालयको अनुगमन, मूल्याङ्कन तथा सुझाव लगायतका कार्य सम्पादन गर्दछ। यो मन्त्रालय मोरङ जिल्ला स्थित विराटनगर म.न.पा. वडा नं.-७ मा अवस्थित रहेको छ।

**क. कार्यालयको दुरदृष्टीः** वित्तीय स्रोतको प्रभावकारी परिचालनको माध्यमबाट यस प्रदेशलाई देशकै सबैभन्दा स्वच्छ, सुखी र समुन्नत प्रदेश बनाउने ।

**ख. लक्ष्यः**

वित्तीय स्रोतको प्रभावकारी र समुचित परिचालन एवम् वित्तीय अनुशासनको पालना गर्दै मितव्ययी एवम् पारदर्शी रुपमा सार्वजनिक खर्चको उपयोग गरी सामाजिक न्याय सहितको समृद्ध प्रदेश निर्माणमा सहयोग पुऱ्याउने ।

**ग. उद्देश्यः**

- करको दरलाई कम तथा दायरालाई वृद्धि गर्दै संघ तथा स्थानीय तहसँग समन्वय गरी कर प्रणालीलाई सरल एवम् अनुमान योग्य बनाउने ।
- प्रदेश तथा स्थानीय तहहरुको कर प्रशासनको क्षमता अभिवृद्धि गर्दै सक्षम र प्रभावशाली बनाउने
- सार्वजनिक खर्च प्रणालीमा सुधार गर्दै यसलाई थप वस्तुनिष्ठ र पारदर्शी बनाउने ।
- प्रदेशको खर्च प्रणालीमा निजी तथा सहकारी क्षेत्र समेतलाई सहभागी गराई यी क्षेत्रहरुलाई आर्थिक विकासको सशक्त साझेदारको रुपमा विकास गर्ने ।
- वैदेशिक लगानी तथा वैदेशिक सहायतालाई आवश्यकता एवम् औचित्यको आधारमा तुलनात्मक लाभका क्षेत्रमा परिचालन गर्ने ।
- वित्तीय हस्तान्तरण प्रणालीलाई वैज्ञानिक बनाउने ।

# २. कार्य क्षेत्र


प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७९ अनुसार आर्थिक मामिला तथा योजना मन्त्रालयको देहाय बमोजिमका कार्य जिम्मेवारीहरु रहेका छन्:

- प्रदेशको आर्थिक अवस्थाको विश्लेषण तथा आर्थिक नीतिको तर्जुमा, कार्यान्वयन र नियमन
- प्रदेशस्तरको आर्थिक स्रोतको बाँडफाँड, लगानी प्रक्षेपण र वित्तीय व्यवस्थापन
- प्रदेशस्तरको आर्थिक स्थायित्व र मूल्यस्थिरता सम्बन्धी नीति तर्जुमा, कार्यान्वयन र नियमन
- संघको स्वीकृतिमा वैदेशिक सहयोग, वैदेशिक ऋण र अनुदान प्राप्ति, उपयोग, लेखाङ्कन र प्रतिवेदन
- प्रदेशस्थित सरकारी सम्पत्तिको एकीकृत विवरण र सरकारी वाँकी रकमको लगत तथा असुल उपर
- राष्ट्रिय तथा अन्तर प्रदेश विकास आयोजनाको समन्वय र सशर्त अनुदानको सदुपयोग
- प्रदेशस्तरीय विकास नीति, प्राथमिकता, आवधिक तथा क्षेत्रगत योजना र वार्षिक विकास कार्यक्रमको तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन
- प्रदेश राजश्व सम्बन्धी नीति तथा कानुनको तर्जुमा, कार्यान्वयन र नियमन
- प्रदेश सार्वजनिक खर्च सम्बन्धी नीतिको तर्जुमा, कार्यान्वयन र नियमन तथा स्थानीय तह अनुदान
- संघीय नीति अनुरुप सहवित्तीयकरण
- प्रदेश आर्थिक कार्यविधि सम्वन्धी नीति तथा कानूनको निर्माण, कार्यान्वयन र नियमन
- प्रदेश विनियोजन ऐन तथा प्रदेशको बजेट तर्जुमा, कार्यान्वयन, नियमन र आर्थिक अनुशासन
- प्रदेश संचित कोषको संचालन तथा व्यवस्थापन र प्रदेश लेखा नियन्त्रण एवम् व्यवस्थापन
- प्रदेश पुरक अनुमान तथा पेश्की खर्च र प्रदेश आकस्मिक कोष सम्वन्धी
- प्रदेश सरकारी लगानी र लाभांशको लेखा व्यवस्थापन
- प्रदेशगत विनियोजन, राजस्व, धरौटी, कार्यसंचालन कोष र अन्य सरकारी कोष तथा सम्पत्तिको एकीकृत विवरण र लेखा परीक्षण
- घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन शुल्क, कृषि आयमा कर, सेवा शुल्क, दस्तुर र दण्ड जरिवाना संकलन, बाँडफाँड र उपयोग सम्बन्धी नीति तथा कानून तर्जुमा, कार्यान्वयन र नियमन
- संघीय कानुन अनुसार प्राकृतिक श्रोतबाट प्राप्त रोयल्टी र शुल्क संकलन, नियमन र हस्तान्तरण
- राजश्व चुहावट नियन्त्रण सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन
- संघसंगको अन्तरसरकारी वित्तीय सम्पर्क, सम्बन्ध र सहकार्य
- तथ्याङ्क, सूचना प्रणाली तथा अभिलेख व्यवस्थापन सम्बन्धमा प्रादेशिक नीति, कानून, मापदण्ड एवम् योजना तर्जुमा, कार्यान्वयन र नियमन तथा संघ र स्थानीय तहसँग सहयोग, समन्वय र सहकार्य
- बीमा र बीमा व्यवसायको संचालन, व्यवस्थापन, प्रवर्द्धन तथा विस्तार र नियमन
- प्रदेशस्तरका सार्वजनिक संस्थान, बैंक तथा वित्तीय संस्था, समिति, प्रतिष्ठान तथा कम्पनी आदिको सञ्चालन, व्यवस्थापन, सुधार र नियमन
- आर्थिक विकासमा निजी, सहकारी तथा गैरसरकारी क्षेत्रसंगको समन्वय र सहकार्य।
- गरिबी निवारण सम्वन्धी प्रादेशिक नीति, कानून, मापदण्ड एवम् योजनाको तर्जुमा, कार्यान्वयन र नियमन तथा अध्ययन, अनुसन्धान, सर्वेक्षण, सूचना संकलन, गरिब घरपरिवार पहिचान र सोको अभिलेख व्यवस्थापन (प्रदेश सरकार कार्यविभाजन नियमावली, २०७९ द्वारा थप)

## ३. संगठन संरचना तथा कार्य विवरण

**प्रदेश सरकार**
**१ नं प्रदेश**
**आर्थिक मामिला तथा योजना मन्त्रालयको संगठन संरचना**

अनुसूची-३.१




## ४. दरबन्दी तेरिज तथा पदपूर्तिको विवरण

| सि.नं | स्वीकृत दरबन्दी | | | | | पदपूर्ति | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | पद | श्रेणी/तह | सेवा | समूह/उपसमूह | संख्या | | | |
| 1 | प्रदेश सचिव | रा.प.प्रथम | प्रशासन | | 1 | 1 | - | |
| 2 | उपसचिव | रा.प.द्धितीय | प्रशासन | राजश्व | 2 | १ | १ | १ संघिय काज |
| 3 | उपसचिव | रा.प.द्धितीय | प्रशासन | सामान्य प्रशासन | 2 | 1 | 1 | १ संघिय काज |
| 4 | शाखा अधिकृत | रा.प.तृतीय | प्रशासन | सामान्य प्रशासन | 6 | 4 | 2 | १ संघिय काज |
| 5 | शाखा अधिकृत | रा.प.तृतीय | प्रशासन | राजश्व | 6 | 3 | 3 | १ संघिय काज |
| 6 | लेखा अधिकृत | रा.प.तृतीय | प्रशासन | लेखा | 1 | 1 | - | |
| 7 | कानून अधिकृत | रा.प.तृतीय | न्याय | कानून | 1 | 1 | - | |
| 8 | अर्थशास्त्री | रा.प.तृतीय | विविध | | 1 | 0 | 1 | |
| 9 | तथ्यांक अधिकृत | रा.प.तृतीय | तथ्यांक | तथ्यांक | 1 | 0 | 1 | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| 10 | कम्प्युटर इन्जिनियर | रा.प.तृतीय | विविध | | 1 | 1 | - | |
| 11 | कम्प्युटर अधिकृत | रा.प.तृतीय | विविध | | 1 | 1 | - | |
| 12 | नायव सुब्बा | रा.प.अनं.प्रथम | प्रशासन | सामान्य प्रशासन | 5 | 5 | - | |
| 13 | नायव सुब्बा | रा.प.अनं.प्रथम | प्रशासन | राजश्व | 6 | 0 | 6 | |
| 14 | कम्प्युटर अपरेटर | रा.प.अनं.प्रथम | विविध | | 3 | 3 | - | |
| 15 | सह लेखापाल | रा.प.अनं.द्वितीय | प्रशासन | लेखा | 1 | 0 | 1 | |
| 16 | हलुका सवारी चालक | श्रेणी विहिन | | | 4 | 4 | - | |
| 17 | कार्यालय सहयोगी | श्रेणी विहिन | | | 5 | 5 | - | |
| **जम्मा** | | | | | **47** | **३1** | **16** | |

## 5. आ.व.2079/80 मा आर्थिक मामिला तथा योजना मन्त्रालयबाट सम्पादित कार्यहरुः-

**आर्थिक मामिला तथा योजना मन्त्रालयले गरेका प्रमुख कार्यहरुः**

- कोशी प्रदेश आर्थिक अध्यादेश, २०८० र कोशी प्रदेश विनियोजन अध्यादेश, २०८० तयार
- वार्षिक बजेट आ.व. २०80/8१ तर्जुमा
- आ.व. २०७९/८० को बजेटको अर्धवार्षिक समीक्षा प्रतिवेदन प्रकाशन
- प्रादेशिक आर्थिक सर्वेक्षण, कोशी प्रदेश २०७9/80 को प्रकाशन
- संघबाट अन्तरसरकारी वित्तीय हस्तान्तरण प्राप्ति सम्बन्धी कार्य
- अन्तरसरकारी वित्त हस्तान्तरण (स्थानीय तहलाई सशर्त र समपुरक अनुदान बाट सञ्चालन हुने आयोजना स्वीकृति र रकम विनियोजन )
- राजस्व परामर्श समिति गठन र प्रतिवेदन
- राजस्व संकलन तथा खर्चको सम्बन्धी नियमित अनुगमन, विश्लेषण
- PLMBIS सम्बन्धी अभिमुखीकरण तालिम
- MTEF तयारीमा आवश्यक समन्वय गरिएको।

## ५.१ बजेट योजना तथा कार्यक्रम महाशाखा

### (क) बजेट तथा कार्यक्रम शाखाः-

१. आ.ब. 2079/080 को बजेट कार्यान्वयन मार्गदर्शन तयार गरी सम्वन्धित मन्त्रालय/निकायमा प्रेषित गरिएको।
२. मन्त्रिपरिषद्मा प्रस्ताव पेश गर्न तयार गरिएकोः- 3 वटा

- सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धि निर्देशिका, 2079 को मस्यौदा स्वीकृतिका लागि म.प.मा पेश गरिएको ।
- चालू आ.ब.2079/080 का लागि संघ सशर्त अनुदानमा थप बजेट उपलब्ध गराइदिन अनुरोध गर्ने सम्बन्धमा तयार पारिएको प्रस्ताव ।

- स्थानीय तहलाई वित्तीय हस्तान्तरणको बजेट निकासा सम्बन्धमा तयार पारिएको प्रस्ताव ।

३. बिभिन्न निकायबाट माग भए बमोजिम चारपाङ्ग्रे सवारि साधन खरिद गर्न सहमतिः-

- दुई थान दमकल
- दुइ थान विद्युतीय सवारी साधन

4. बिभिन्न निकायबाट प्रस्ताव भए अनुसार कानूनको मस्यौदामा राय, परामर्श तथा सहमतिका लागि पेशः- 66 (विधेयक ५, ऐन संशोधन १, अध्यादेश मस्यौदा १, नियमावली ६, सैद्धान्तिक सहमति माग सम्बन्धि अवधारणापत्र-4, कार्यविधि-2५, निर्देशिका-५, मापदण्ड १, मार्गदर्शन ८, नीति तथा रणनीतिपत्र ३, र अन्य विविध-७)
5. आर्थिक दायित्व हुने तथा बजेट व्यवस्थापन सम्बन्धी विभिन्न विषयहरुमा राय, परामर्श प्रदानः-45 वटा।
6. बिभिन्न आयोजनाको बहुबर्षीय खरिद कार्य अगाडी बढाउन सहमति प्रदान गरिएकोः ७१ वटा आयोजना ।
7. आ.ब.2079/80 मा बिभिन्न मन्त्रालय/निकायबाट प्रस्ताव भए अनुसार रकमान्तर/कार्यक्रम संशोधन/ स्रोतान्तर, संघ शसर्त अनुदान थपको PLMBIS प्रविष्ट गरिएको।
8. बिभिन्न निकायबाट पेश भएको सेवा करारमा कर्मचारी कामकाज, संगठन संरचना हेरफेर, पद तथा दरबन्दी स्वीकृति गर्ने सम्बन्धी प्रस्तावमा राय, परामर्श तथा सहमति प्रदान गरिएकोः- 19 वटा।

९. बिभिन्न निकायको घरभाडा बृद्धिका लागि सहमति प्रदान गरिएकोः- 4 वटा।

10. बजेट समर्पण गर्ने सम्बन्धमा परिपत्र तयार गरी पठाइएको साथै ताकेता समेत गरिएको ।
11. आर्थिक मामिला तथा योजना मन्त्रालयको स्रोत सहमति प्राप्त नभइ विनियोजित बजेट भन्दा बढीको दायित्व सिर्जना हुनेगरी खरिद प्रक्रिया अघि नवढाउन परिपत्र गरिएको-1पटक
12. स्वीकृत नभएका र बजेट विनियोजन भन्दा बढीको दायित्व सिर्जना गरि कुनै पनी आयोजना कार्यक्रम नगर्न नगराउन परिपत्र-1वटा

१3. स्वीकृत बजेट तथा कार्यक्रममा नपरेका गैर बजेटरी काम खर्च, अवण्डा बजेटबाट वाँडफाट गरि सञ्चालन गरिने योजना र कार्यक्रम, रकमान्तर र कन्टिन्जेन्सि रकमबाट खर्च हुने गरि आयोजनामा खर्च नगर्न नगराउन परिपत्र-1 पटक

14. खर्च कटौति तथा खर्च कटौति फुकुवा सम्बन्धमा परिपत्र गरिएको ।
15. विभिन्न निकायबाट माग भए बमोजिम विभिन्न 12 वटा जानकारी/सूचना विवरण उपलब्ध गराइएको ।

1६. चालु आ.ब. 2079/080 मा अपुग विभिन्न आयोजनाका लागि अपुग हुने बजेट सशर्त अनुदान मार्फत वित्तीय हस्तान्तरण गरिदिन अनुरोध गरि संघीय अर्थ मन्त्रालयमा पत्र पठाइएको।

1७. आगामी आ.व.2080/081 को लागि कोशी प्रदेशको आय व्यय प्रक्षेपण गरिएको विवरण अर्थ मन्त्रालयमा पठाइएको।

1८. थप विवरण माग गरिएको (राय, परामर्श तथा सहमति वा बजेट व्यवस्थाका विषयमा)- 12 वटा

१९. प्रदेश सरकार कार्य विभाजन नियमावली, २०७९ वमोजिम खारेज भएका वा गाभिएका मन्त्रालय/कार्यालयहरुको बजेट व्यवस्थापन सम्बन्धी कार्य गरिएको।

2०. बजेट तर्जुमा सम्बन्धी कार्यः-

- नयाँ संस्करणको PLMBIS मा बजेट प्रविष्टि सम्बन्धी अभिमुखीकरण तालिम सञ्चालन गरिएको,
- स्रोत अनुमान तथा खर्चको सीमा निर्धारणको लागि आवश्यक विवरण तयारी गरिएको,
- प्रदेश योजना आयोगसँगको समन्वयमा विषयगत मन्त्रालयहरुसँग प्रारम्भिक बजेट छलफलको तयारी,
- PLMBIS मा मन्त्रालय/कार्यालय कोड, बजेट उपशीर्षक, प्रयोगकर्ता व्यवस्थापन लगायतको कार्य गरिएको,
- विषयगत मन्त्रालय/निकायहरुलाई बजेट सीमा (सिलिङ) PLMBIS मा प्रविष्टि गरिएको,
- आ.ब.2080/81 को बजेट तर्जुमा मार्गदर्शन तयार गरी पठाइएको,
- बिनियोजन बिधेयक,2080 को सिद्धान्त र प्राथमिकतामा समावेश गर्नुपर्ने बुँदाहरु संकलन गरिएको,
- विषयगत मन्त्रालय/निकायसँग बजेट छलफल गरी अन्तिम रुप दिइएको,
- संघ सशर्त, समपूरक र विशेष अनुदानको आयोजना/कार्यक्रमलाई PLMBIS मा प्रविष्टिका लागि समन्वय गरिएको,
- प्रदेश विनियोजन विधेयक, बजेट वक्तव्यको विवरण, व्यय अनुमानको विवरण (रातो किताब) तथा कार्यक्रम पुस्तिकाको तयारी तथा प्रकाशन गर्न समन्वय गरिएको आदि।

२१. PLMBIS, TSA एवम् C-GAS मा देखिएको प्राविधिक समस्या समाधानका लागि सम्बन्धित निकायमा आवश्यक समन्वय गरिएको।
२२. विभिन्न निकायको कार्यालय कोड/विनियोजनमा देखिएको त्रुटि PLMBIS मा सच्याइएको।
23. स्रोत सहमति स्थगन र खारेज गरिएको ।

## (ख) प्रादेशिक योजना तथा अनुगमन शाखाः-

1. 2078/79 को बार्षिक प्रगति समीक्षाको प्रगति विवरण एवम् प्रस्तुतिकरण तयार गरिएको। साथै आर्थिक वर्ष 2078/79 को बजेटको वार्षिक प्रतिवेदन वेवसाइटमार्फत प्रकाशन गरिएको।
2. प्रदेश सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, 2076 को दफा 41 बमोजिम मन्त्रालयको आ.व. 2078/79 को वार्षिक प्रगति विवरण मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाइएको।
3. प्रदेश सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, 2077 को नियम 10 बमोजिम मन्त्रालयको मासिक प्रगति विवरण नियमित रुपमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाइएको।
4. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा आयोजित अर्धबार्षिक प्रगति समीक्षामा यस मन्त्रालयको तर्फबाट प्रगति विवरण एवम् प्रस्तुतिकरण तयार गरिएको। साथै आर्थिक वर्ष 2079/80 को बजेटको अर्धवार्षिक मूल्याङ्कन प्रतिवेदन प्रकाशन गरिएको।
५. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सभाहलमा दोश्रो चौमासिक बजेट कार्यान्वयन प्रगति समिक्षा एवम् छलफल कार्यक्रमको लागि विवरण एवम् प्रस्तुतिकरण तयार गरिएको। साथै प्रदेश लेखा नियन्त्रक कार्यालयबाट पेश भएको आन्तरिक लेखा परीक्षण प्रतिवेदनको विषय समेत प्रस्तुत गरिएको।
६. योजना तर्जुमा सम्बन्धमा प्रदेश योजना आयोगको समन्वयमा विषयगत मन्त्रालयसँग छलफल गरिएको।
७. सचिवस्तर बैठकको निर्णय आवश्यक कार्यान्वयन गरिएको।
12. आ.व.2077/78 को यस मन्त्रालयको अन्तिम लेखापरीक्षणको प्रतिवेदनको सन्दर्भमा प्रतिक्रिया एवम् सम्परीक्षणका लागि महालेखापरीक्षकको कार्यालयमा विवरण पठाउन तयारी एवम् समन्वय गरिएको।
13. मन्त्रालयबाट कार्यान्वयन गरिने कार्यक्रमको कार्ययोजना तयारीमा समन्वय गरिएको। साथै सबै मन्त्रालयको बजेट तथा कार्यक्रम कार्यान्वयन कार्ययोजना तयार गर्न समन्वय गरिएको।
१४. प्रदेश योजना आयोगसँगको समन्वयमा मध्यमकालीन खर्च संरचना तर्जुमा गरिएको।
१५. प्रदेशस्तरीय आयोजना छनौट तथा वर्गीकरण सम्बन्धी कार्यविधि, २०८० र प्रदेश आयोजना बैंक व्यवस्थापन कार्यविधि, २०८० को मस्यौदामा प्राप्त सुझावहरुलाई समावेश गरी अन्तिम रुप दिइएको।

## ५.२ प्रशासन महाशाखा

## क) कर्मचारी प्रशासन शाखा

१. यस मन्त्रालय तथा अन्तर्गतका कार्यालयहरुमा कार्यरत कर्मचारीहरुको आ.ब. २०७८/०७९ को कार्य सम्पादन मुल्यांकन फारामको मुल्यांकन कार्य समयमा नै सम्पन्न गरिएको ।
२. यस मन्त्रालय तथा अन्तर्गतका कार्यालयहरुमा कार्यरत कर्मचारीहरुको आ.ब २०७८/०७९ को सम्पत्ति बिवरण फाराम दर्ता गरि समयमा नै सम्बन्धित निकायमा पठाईएको ।
३. बजेट कार्यान्वयनका लागि कार्यसम्पादन सम्झौता/करार गरिएको।
४. मन्त्रालयलाई बार्षिक रुपमा आवश्यक पर्ने मसलन्द सामाग्रीहरु बोलपत्र मार्फत खरिद कार्य गर्न सम्पुर्ण प्रक्रिया पुरा गरी खरिद सम्झौता र कार्य आदेश दिइएको ।
५. IT equipment हरुको आवश्यक्ताका आधारमा On Call Duty मा मर्मत सेवा लिन बार्षिक रुपमा मर्मत सेवा सम्झौता गरेको ।

६. सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७९ मा भएको व्यवस्था बमोजिम यस मन्त्रालयका कर्मचारीका लागि आवाश प्रयोजनमा आवश्यक पर्ने घर र श्रीमान् सचिवज्यूको आवास प्रयोजनकालागि घर वहालमा लिएको ।

७. मन्त्रालयमा आवश्यक पर्ने मसलन्द सामाग्री खरिद गर्न दररेट विश्लेषण गरी स्वीकृत न्यूनतम लागत अनुमान बमोजिम खरिद प्रक्रिया अगाडी बढाइएको ।

८. बार्षिक खरिद योजना बमोजिमका अन्य कार्यहरु भएको ।

९. स्वीकृत बार्षिक खरिद योजनामा उल्लेख भएबमोजिम कर्मचारीहरुको Driving Skill बढाउने तालीम संचालन गरी सम्पन्न भएको ।

१०. बजेट शाखाको कक्ष बिस्तारका लागि लागत अनुमानका लागि शहरी विकास तथा भवन कार्यालयलाई पत्राचार गरि कक्ष विस्तार कार्य सम्पन्न गरिएको ।

११. गरिवी निवारण सम्वन्धी कार्यक्रम अन्तर्गत प्रविधि हस्तान्तरण कार्यक्रम संचालन गर्न सम्वन्धित स्थानीय तहहरुलाई वित्तीय हस्तान्तरण गरिएको ।

१२. प्रशासन शाखाबाट गर्नुपर्ने दैनिक प्रशासनिक कार्यका अतिरिक्त पाक्षिक¸ मासिक रुपमा प्रतिवेदनहरु तयार गरी सम्बन्धित निकायहरुमा पठाईएको ।

**ख) <u>कानून तथा फैसला कार्यान्वयन शाखा</u>**

१. निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रम सञ्चालन कार्यविधि, २०७९, तर्जुमा गरिएको

२. कर्मचारी प्रोत्साहन कार्यविधि, २०७९, तर्जुमा गरिएको

३. सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी (प्रथम संशोधन) निर्देशिका, २०७९ को मस्यौदा तयार गरी स्वीकृतिको लागि प्रदेश सरकार (मन्त्रिपरिषद्मा) पेश गरिएको।

४. कर्मचारी प्रोत्साहन (प्रथम संशोधन) कार्यविधि, २०७९ को मस्यौदा गरी स्वीकृतिको लागि प्रदेश सरकार (मन्त्रिपरिषद्मा) पेश गरिएको।

५. आर्थिक मामिला तथा योजना मन्त्रालयबाट प्रदेश सरकार (मन्त्रिपरिषद्मा) स्वीकृतिको लागि पेश गरिने विविध विषयका प्रस्तावहरु तयार गरिएको।

६. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावलीको मस्यौदा गरी सुझावको लागि विषयगत मन्त्रालय तथा निकायमा पठाइएको।

७. स्थानीय तहहरुको लागि नमुना विज्ञापन कानूनको प्रारम्भिक मस्यौदा गरिएको।

८. प्रदेश समपूरक अनुदान सम्बन्धी (दोस्रो संशोधन) कार्यविधि २०७९ तयार गरिएको ।

९. प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, 2079 स्वीकृतिका लागि प्रदेश सरकार मन्त्रिपरिषद्मा पेश गर्न मस्यौदा तर्जुमा र प्रस्ताव तयार गरिएको।

१०. शाखाबाट गरिने अन्य नियमित कामकाज गरिएको।

**ग) <u>आर्थिक प्रशासन शाखा</u>**

१. आर्थिक विवरण तथा एकिकृत वित्तीय विवरण तयार गरिएको,

२. आन्तरिक लेखापरीक्षण सम्पन्न गरिएको,

३ वित्तिय सुशासन जोखिम मूल्याँकन गरिएको,

४. प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, 2078 को दफा 34 अनुसार यस मन्त्रालयको लेखापरीक्षण तथा आन्तरिक नियन्त्रण समितिको बैठकको निर्णय कार्यान्वयनको लागि लेखी पठाइएको।
५. आर्थिक वर्ष २०७८/७९ को अन्तिम लेखापरीक्षण सम्पन्न भयो साथै गत विगत आर्थिक वर्षको वेरुजु रकम मध्ये नियमित र असुलउपर गरी कुल २७ लाख ३९ हजार ९२८ रुपैया सम्परीक्षण गराई बेरुजु असुल फर्छौट भयो।
६. बेरुजु फर्छौट तथा आन्तरिक मूल्याँकन समितिको वैठक हरेक महिनाको अन्तिम सप्ताहमा बस्ने कार्यको थालनी गरिएको।
७. नियमित रुपमा गरिने अन्य कार्यहरु सम्पन्न गरिएको ।

**५.३ वित्त व्यवस्थापन महाशाखा**

**क) <u>राजश्व व्यवस्थापन शाखा</u>**

१. आर्थिक ऐन, २०७९ को प्रभावकारी कार्यान्वयनका लागि वन वातावरण तथा भू-संरक्षण मन्त्रालय र प्रदेश नं. १ मा रहेका १५ वटा डिभिजन वन अधिकृतहरुसँग अन्तर्क्रिया कार्यक्रम सम्पन्न ।
२. उच्चस्तरिय राजश्व अध्ययन कार्यदलको वैठक २ पटक सम्पन्न ।
३. आर्थिक ऐन, २०७९ ले गरेका राजश्व छुट सम्बन्धी जानकारीमूलक संचार सामाग्री निर्माण तथा  वितरण ।
४. राजस्व परामर्श समितिको बैठक २ पटक गरी प्रतिवेदन पेश गरिएको ।
५. बजेट तथा श्रोत अनुमान समितिको बैठक २ पटक सम्पन्न भएको ।
६. विषयगत राजस्व परामर्श समितिको बैठक २ पटक गरी प्रतिवेदन पेश गरिएको ।
७. विभिन्न निकायहरुबाट राजस्व सम्वन्धी द्विविधालाई स्पष्ट गरी पत्राचार गरिएको ।
८. अर्थ मन्त्रालय वित्तीय संघियता समन्वय महाशाखाबाट माग भए वमोजिम राजस्व परिचालन सम्वन्धी राय प्रस्ताव दिएको ।

**ख) <u>विकाश सहायता तथा अनुदान व्यवस्थापन शाखा</u>**

१. सम्पूर्ण प्रदेश मन्त्रालयसँगको समन्वयमा संघीय समपूरक र विशेष अनुदान सम्वन्धि प्रस्ताव तयार गरी राष्ट्रिय योजना आयोगले तोकेको प्रणाली प्रविष्टी गर्ने कार्य सम्पन्न गरिएको।
२. आर्थिक विकासका लागि लगानी तथा नवप्रवर्तन कार्यक्रम सञ्चालनका लागि मन्त्रिपरिषद्वाट निर्णय गरी संघीय अर्थ मन्त्रालय समक्ष प्रस्ताव पेश गरिएको।
३. विभिन्न स्थानीय तहहरुमा संचालित IPF कार्यक्रमहरुको अन्तिम किस्ता वापतको रकम रकमान्तर तथा वित्तीय हस्तान्तरण गरिएको ।
४. प्रदेश समपूरक सम्बन्धी कार्यविधि, 2075 को दोस्रो संशोधन गरिएको ।
५. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगलाई बाँडफाँट हुने सवारीसाधन करको सीमा निर्धारण गरी पठाईएको ।
६. प्रदेशबाट स्थानीय तहमा हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदान र बाँडफाँट हुने सवारी साधन करको अनुमानित सीमा चैत्र मसान्त भित्र स्थानीय तहहरुलाई उपलव्ध गराइएको ।
६. सबै स्थानीय तहलाई आ.व. २०८०/०८१ का लागि समपुरक अनुदानबाट संचालन गरिने आयोजना/कार्यक्रमको प्रस्ताव पेश गर्ने सूचना जारी गरिएको, प्राप्त प्रस्तावहरुको मूल्याङ्कन, छनौट र प्रविष्टी कार्य सम्पन्न गरिएको।
७. शाखासँग सम्वन्धित नियमित प्रशासनिक कार्य सम्पादन गरिएको।

**ग) <u>सूचना प्रविधि शाखा</u>**

१. इ-हाजिरी व्यवस्थापन।

2. सूचनाको हक सम्वन्धी प्रतिवेदन त्रैंमासिक रुपमा (४ पटक) तयार गरी मन्त्रालयको Website मा प्रकाशन गर्ने गरिएको ।

३. सूचनाको हक सम्वन्धी ऐन २०६४ को दफा ७ वमोजिम सूचना तथा विवरण माग भई आएका निवेदनको सूचना दिने गरिएको ।

३. महत्वपूर्ण बजेट सम्बन्धी नियमित सूचना तथा प्रकाशनहरु Website मा Update गरिएको

४. समपुरक अनुदानको प्रस्ताव पेश गर्नका लागि प्रयोग गरिने प्रणाली Provincial CSgrants लाई प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि २०७५, दोस्रो संशोधन बमोजिम अध्यावधिक गर्न गराउन विकास सहायता तथा अनुदान व्यवस्थापन शाखा तथा Software प्रदायक संस्थासंग सहकार्य एवं समन्वय गरिएको

५. शाखाबाट हुने अन्य नियमित कार्यहरु गरिएको ।

## ५.४ वित्तिय क्षेत्र व्यवस्थापन तथा आर्थिक विश्लेषण महाशाखा

### क) <u>आर्थिक विश्लेषण शाखा</u>

1. आ.व.2079/80 को बजेटको अर्धवार्षिक समीक्षा प्रतिवेदनको मस्यौदा तयार गरिएको।
2. प्रदेशका निकायहरुले प्रयोग गरिरहेका भवन, संरचना र जग्गाको उपयोग तथा स्वामित्व सम्बन्धी विवरण माग गरी सबै मन्त्रालय/निकायमा पत्राचार गरिएको।
3. एकीकृत सम्पत्ति विवरण तयारी गर्ने क्रममा एवम् बजेट कार्यान्वयन मार्गदर्शन कार्यान्वयनको अनुगमन गरिएको। कार्यालय अनुगमन प्रतिवेदन पेश गरी सम्बन्धित मन्त्रालयमा समेत आवश्यक कार्यान्वयनको लागि पठाइएको।
4. संघीय विभाग/मन्त्रालयमा सम्पर्क गरी प्रदेशका कार्यालयहरुको आ.व.2074/75 अघिको बाँकी बेरुजु फर्स्यौट सम्बन्धी अवस्थाको बारेमा छलफल एवम् विवरण संकलन गरिएको।
5. बेरुजु फर्स्यौट अनुगमन समितिको बैठकको तयारी एवम् छलफल गर्नुपर्ने विषयहरु टिपोट गरिएको।
6. बेरुजु फर्स्यौट मूल्याङ्कन र अनुगमन समितिको बैठकका निर्णयहरु कार्यान्वयनको लागि लेखी पठाइएको।
7. प्रदेशका सबै मन्त्रालय/निकायको बेरुजुको एकमुष्ट विवरण संकलन गरिएको।
8. तथ्याङ्क सम्बन्धी विषयमा प्रदेशमा क्षमता अभिवृद्धिको लागि सहयोग एवम् सहजीकरण गरिदिन अनुरोध गरी राष्ट्रिय तथ्याङ्क कार्यालय (साविक तथ्याङ्क विभाग) मा पत्राचार गरिएको।
9. आर्थिक सर्वेक्षणका लागि PSP मार्फत विज्ञ/ परामर्श सेवा उपलब्ध गराइदिन अनुरोध गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पत्राचार गरिएको।
10. Statistical Tools तथा Software सम्बन्धि तालिम सञ्चालनको तयारी गरिएको।
11. संघीयता कार्यान्वयन अध्ययन तथा अनुगमन संसदीय विशेष समितिले गरेका सिफारिसहरु मध्ये आर्थिक मामिला तथा योजना मन्त्रालयसँग सम्बन्धित विषयहरुमा हालसम्मको कार्यान्वयन अवस्था एवम् आगामी कार्ययोजना सहितको विवरण तयार गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाइएको।
12. सातै प्रदेशका अर्थ/आर्थिक मामिला/आर्थिक मामिला तथा योजना मन्त्रालयबीच भर्च्युअल बैठक सञ्चालनमा समन्वय गरिएको।
13. नियमानुसार सवारी साधनकर तिर्न एवम् सवारी हस्तान्तरण तथा नामसारी गर्ने व्यवस्थाको लागि सबै निकायलाई पत्राचार गरिएको।
14. विद्युत तथा सञ्चार महशुल भुक्तानी बाँकी रहेका प्रदेश अन्तरगतका कार्यालयहरुको विवरण माग गरी नेपाल विद्युत प्राविधिकरण र नेपाल टेलिकम प्रादेशिक कार्यालयमा पत्राचार गरिएको।
15. प्रदेश सरकारको सार्वजनिक वित्तीय व्यवस्थापनका सूचकहरुको स्थिति सम्बन्धी अध्ययन भई विज्ञबाट प्राप्त प्रारम्भिक प्रतिवेदनमा तथ्याङ्क/ विवरणहरु रुजु गरी सुझाव पठाइएको।
16. महालेखा परीक्षकको कार्यालय, नगरपालिका संघबाट माग भएको एवम् प्रदेशको स्थितिपत्र तयार गर्न आवश्यक तथ्याङ्क वा विवरण संकलनमा सहयोग गरिएको।

17. एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र ब्याख्या, 2074 (दोस्रो परिमार्जन) मा परिमार्जन/ संशोधनका लागि महालेखा नियन्त्रक कार्यालयमा (प्रदेश लेखा नियन्त्रक कार्यालय मार्फत्) सुझावहरु पठाइएको।
18. कोशी प्रदेशको आर्थिक सर्वेक्षण 2079/80 को तयारी सम्बन्धी कार्य गरिएको।
19. आर्थिक सर्वेक्षणमा समावेश हुने आर्थिक मामिला तथा योजना मन्त्रालयसँग सम्बन्धित विवरण तयार गरी नेपाल सरकार अर्थ मन्त्रालयमा पठाइएको।
20. प्रदेश मध्यमकालीन खर्च संरचना (MTEF) तर्जुमाका लागि तथ्याङ्क उपलब्ध गराइएको।
21. प्रदेशको राजस्व परामर्श विषयगत समितिको कार्यमा सहयोग गरिएको।
22. आ.व.2080/81 को नीति तथा कार्यक्रममा समावेश हुने आर्थिक मामिला तथा योजना मन्त्रालयसँग सम्बन्धित विषयका बुँदाहरु तयारी गर्न र बजेट तर्जुमा सम्बन्धी कार्यमा सहयोग गरिएको।
23. प्रदेश पार्श्वचित्र (प्रोफाइल) निर्माणका लागि प्रदेश योजना आयोगलाई तथ्याङ्क उपलब्ध गराइएको र परिमार्जन गर्न सहयोग गरिएको।

## ख) <u>बित्तिय क्षेत्र व्यवस्थापन शाखा</u>

१. सरोकारवालाहरुसंग वित्तीय साक्षरता सम्वन्धी अन्तरक्रिया कार्यक्रम गरिएको (ओखलढुङ्गा)
२. बैंकर्सहरुसंग वित्तीय साक्षरता सम्वन्धी अन्तरक्रिया कार्यक्रम गरिएको (विराटनगर)
3. मिति २०७९/०७/०२ मा प्रादेशिक बैंकका प्रमुखहरुसँग वित्तीय साक्षरता सम्बन्धी अन्तरक्रिया तथा छलफल कार्यक्रम आयोजना गरिएको ।

## 7. आर्थिक मामिला तथा योजना मन्त्रालयको आर्थिक वर्ष 2079/80 को वित्तीय विवरण

(रु. हजारमा)

| शिर्षक | आ.व.2078/79 | | | कैफियत |
|---|---|---|---|---|
| | अन्तिम बजेट | खर्च | प्रतिशत | |
| चालू | 16666834.99 | 1576293.63 | 94.57% | |
| पूँजीगत | 22531.00 | 5496.28 | 24.39% | |
| **जम्मा** | 1689365.99 | 1581789.91 | 93.63% | |

## 8. मन्त्रालयसँग सम्बन्धित ऐन, नियम, कार्यविधि, निर्देशिका, मापदण्डको विवरण:

| क्र.सं. | तर्जुमा गरिएको कानूनको नाम | संख्या | स्वीकृत/लागु मिति | कैफियत |
|---|---|---|---|---|
| १ | कोशी प्रदेश विनियोजन अध्यादेश, २०८० | १ | २०८०/०२/३२ | २080/०४/०१ बाट लागु भएको |
| २ | कोशी प्रदेश आर्थिक अध्यादेश, २०८० | १ | २०८०/०२/२१ | २080/०४/०१ बाट लागु भएको |
| ३ | प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७९ | १ | २०७९/१२/२९ | |
| ४ | प्रदेशस्तरीय आयोजना छनौट तथा वर्गीकरण सम्वन्धी कार्यविधि, २०८० | १ | २०८०/०२/२४ | |
| ५ | प्रदेश आयोजना बैंक व्वस्थापन कार्यविधि, २०८० | १ | २०८०/०२/२४ | |
| ६ | प्रदेश समपूरक अनुदान सम्वन्धी(दोस्रो संशोधन) | १ | २०७९/१२/१३ | संशोधन गरिएको |

| | | | | |
|---|---|---|---|---|
| | कार्यविधि, २०७९ | | | |
| ७ | कर्मचारी प्रोत्साहन कार्यविधि, २०७९ | १ | २०७९/०४/३० | आ.व. २०७९/०८० को लागि |
| ८ | प्रदेश निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रम (सञ्चालन) कार्यविधि, २०७९ | १ | २०७९/०४/३० | आ.व. २०७९/०८० को लागि मात्र |
| ९ | सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्वन्धी निर्देशिका, २०७९ | १ | २०७९/०४/३० | पुरानो निर्देशिका खारेज गरी तर्जुमा गरिएको |

**अन्य प्रकाशनहरुः-**

- प्रादेशिक आर्थिक सर्वेक्षण, कोशी प्रदेश २०७९/०८०
- विनियोजन विधेयक २०८० का सिद्धान्त र प्राथमिकताहरु
- आर्थिक वर्ष २०८०/८१ को आय-व्ययको सार्वजनिक जानकारी वक्तव्य
- बजेटसंग सम्वन्धित अन्य प्रकाशनहरु
- व्यय अनुमानको विवरण २०80/८1 (रातो किताब)
- कार्यक्रम र परियोजना अनुसार बजेट विनियोजन, २०८०/८१ (कार्यक्रम पुस्तिका)
- २०८०/८१ को लागि स्थानीय तहलाई वित्तीय हस्तान्तरणको विवरण
- बजेटको वार्षिक प्रगति प्रतिवेदन, 2078/79
- बजेटको अर्धवार्षिक मूल्याङ्कन प्रतिवेदन, २०७९/८०
- अन्य नियमित प्रकाशनहरु

## 9. अन्तर्गतका निकायहरु:

## प्रदेश लेखा नियन्त्रक कार्यालय

### परिचय

प्रदेश लेखा नियन्त्रक कार्यालय बिराटनगर, मोरङ, कोशी प्रदेश, प्रदेश सरकारको संचित कोष सञ्चालन गर्ने जिम्मेवार निकाय हो ।आर्थिक प्रशासन सम्बन्धमा आवश्यकतानुसार महालेखा नियन्त्रक कार्यालयसँगको समन्वयमा यस कार्यालयले प्रदेश संचित कोषको लेखा अद्यावधिक रुपमा राख्ने तथा सो को वार्षिक वित्तीय विवरण तयार गर्ने कार्य गर्नुका साथै प्रदेश भित्रका सबै सरकारी कारोबारको एकीकृत वित्तीय विवरण तयार गरी महालेखा नियन्त्रक कार्यालय र महालेखा परीक्षकको कार्यालयमा पेश गर्ने कार्य गर्दछ ।

### कार्यक्षेत्रहरु:

१. लेखा राख्ने प्रयोजनका लागि लेखा ढाँचा महालेखा परीक्षकको कार्यालयबाट स्वीकृत गराई प्रयोगमा ल्याउने,
२. आर्थिक नियमको परिपालना सम्बन्धमा आवश्यकतानुसार कार्यालयको निरीक्षण गरी आवश्यक निर्देशन दिने,
३. आर्थिक प्रशासन सम्बन्धमा उठेका विवादहरुमा राय दिई समाधान गर्ने जस्ता कार्यहरु यस कार्यालयको कार्यक्षेत्र भित्र पर्दछन् ।

**प्रदेश लेखा नियन्त्रक कार्यालयको संगठन संरचना**

| सि.नं. | पद | श्रेणी | दरबन्दी संख्या | पदपूर्ति संख्या | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | प्रदेश लेखा नियन्त्रक | रा.प.द्वितीय | १ | १ | | |
| २ | लेखा अधिकृत | रा.प.तृतीय | ४ | २ | २ | |
| ३ | लेखापाल | रा.प.अनं.प्रथम | ४ | ३ | १ | |
| ४ | कम्प्युटर अपरेटर | रा.प.अनं.प्रथम | १ | १ | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | सहलेखापाल | रा.प.अनं.द्वितीय | ४ | ३ | १ | |
| ६ | ह.स.चा. | श्रेणी विहिन | २ | २ | | करारमा |
| ७ | कार्यालय सहयोगी | श्रेणी विहिन | ४ | ४ | | करारमा |
| **जम्मा :** | | | **२०** | **१८** | **४** | |

## आ.व.2079/80 मा प्रदेश लेखा नियन्त्रक कार्यालयबाट सम्पादित प्रमुख कार्यहरु

| क्र.सं. | सम्पादन भएको प्रमुख कार्यहरु | कार्यान्वयन स्थिति | पहिचान भएका प्रमुख समस्या | समाधानका प्रयास |
|---|---|---|---|---|
| 1. | बजेट निकासाका लागि कार्यान्वयन मार्गदर्शन | आ.व. २०७९/८० को बजेट निकासा मार्गदर्शन प्रदेश लेखा इकाइ कार्यालयहरुमा प्रेषित | - | - |
| 4. | आर्थिक विवरण प्रकाशन/पेश | प्रदेशको आ.व. २०७८/७९ को आय-व्ययको वार्षिक प्रतिवेदन कात्तिक मसान्त भित्र महालेखा नियन्त्रक कार्यालय समक्ष पेश गरिएको र वेभसाईटमार्फत सार्वजनिक समेत गरिएको। | - | - |
| 5. | आन्तरिक लेखा परीक्षण | प्रदेश लेखा नियन्त्रक कार्यालय र इकाई कार्यालयहरुबाट आन्तरिक लेखा परीक्षण नियमित रुपमा गरिएको र एकीकृत प्रतिवेदन माननीय आर्थिक मामिला तथा योजना मन्त्री समक्ष पेश गरिएको । | - | - |
| 6. | स्थानीय तहलाई अनुदान हस्तान्तरण र राजस्व बाँडफाँट | स्थानीय तहलाई प्रदेश सरकारबाट प्रदान गरिने अनुदान तथा मासिक रुपमा सवारी करको रकम बाँडफाँड गरी उपलब्ध गराइएको। | - | - |
| 7. | आर्थिक प्रशासन सम्बद्ध जनशक्ति व्यवस्थापन | सरुवा, काज, पदस्थापन, तालिम तथा प्रोत्साहन सरुवा/ समायोजन सहमति आदि। | - | - |
| 8. | प्रदेश स्थित सरकारी सम्पत्तिको एकीकृत विवरण | सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) को प्रयोग | सबै निकायमा लागू नभएको जिन्सी व्यवस्थापनका सबै कार्य समावेश नभएको | सबै निकायमा लागू गर्न परिपत्र गरिएको। |
| 9. | निकासा गर्ने | भुक्तानी आदेश अनुसार स्वीकृत बजेट/अख्तियारी अनुसारको रकम निकासा | प्रणालीहरुमा प्राविधिक समस्या भईरहने। | सम्बन्धित निकायसँग प्राविधिक समन्वय गरिएको। |
| 10. | अनलाइनमा आधारित तालिम तयारी | आन्तरिक लेखापरीक्षणको अनलाइनमा आधारित मोडयुल तयार गरी तालिमको सामग्री तयार गरिएको । | | |

## प्रदेश लेखा इकाई कार्यालयहरुः- पाँचवटा (पाँचथर, झापा, धनकुटा, ओखलढुङ्गा र उदयपुर)

| पद/तह | स्वीकृत | पदपुर्ति | रिक्त |
|---|---|---|---|
| लेखा अधिकृत सातौ/आठौ<br>(प्रदेश लेखा इकाई कार्यालयx 5) | 5 | 5 | 0 |
| लेखा अधिकृत छैठौ | 6 | 6 | 0 |
| लेखा चौथो/पाँचौ | 6 | 4 | 2 |
| कार्यालय सहयोगी | 5 | 5 | 0 |
| (5वटा कार्यालयको) जम्मा | 22 | 20 | 2 |

## १0. कोशी प्रदेशको आ.व.2079/80 को नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा उल्लेख भए अनुसार आर्थिक मामिला तथा योजना मन्त्रालयसँग सम्बन्धित विषयको प्रगति विवरण

| प्रदेश सरकार | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| आर्थिक मामिला तथा योजना मन्त्रालय | | | | | | | |
| कोशी प्रदेश, मोरङ, विराटनगर | | | | | | | |
| बजेट कार्यान्वयन कार्ययोजना २०७९/०८० | | | | | | | |
| आ.व. २०७९/०८० को नीति तथा कार्यक्रममा उल्लेखित बूँदा नं. | आ.व. २०७९/०८० को बजेट वक्तव्यमा उल्लेखित बूँदा नं. | बजेट बक्तव्यको ब्यहोरा | क्रियाकलाप | माइलस्टोन | कार्यान्वयन गर्ने निकाय/महाशाखा | सहयोगी निकाय/महाशाखा/शाखा | प्रगती अवश्था |
| १४१ | १९४ | सुशासनयुक्त कार्यालय, भ्रष्टाचारमुक्त प्रदेश निर्माण गर्ने गरी वित्तीय अनुशासन प्रवर्द्धनमा जोड दिइनेछ।प्रदेश आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली तर्जुमा गरी लागु गरिनेछ। | कार्यालयमा नागरिक वडापत्रको स्थापना गरी कार्यान्वयन गरिनेछ। | नागरिक वडापत्रको स्थापना र कार्यान्वयन | प्रशासन महाशाखा | अन्य महाशाखाहरु र प्रदेश लेखा नियन्त्रक कार्यालय | डिजिटल नागरिक वडापत्रको तयारी गरी Website मार्फत सार्वजनिक गरी कार्यान्वयन गरिएको। |
| | | | सूचनाको हकको कार्यान्वयन र सूचनाको हकसम्वन्धि आवधिक Proactive discloser को प्रकाशन | सूचनाको हकको कार्यान्वयन | सूचना अधिकारी | अन्य महाशाखाहरु | सूचनाको माग गर्नेलाई समयमा नै सूचना प्रदान गर्ने गरिएको तथा नियमित प्रकाशन गर्नुपर्ने सूचनाको हकसम्वन्धि प्रतिवेदन सार्वजनिक गर्ने गरिएको। |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | सञ्चार माध्यममार्फत मन्त्रालयले सम्पादन गरेका कार्यहरुको बारेमा आमनागरिकलाई जानकारी प्रदान गर्ने जस्तै आर्थिक वहस कार्यक्रम | मन्त्रालयका कार्यसम्पादबारे आमनागरिक सुसूचित | सचिव | अन्य महाशाखाहरु | नेपाल टेलिभिजनसँगको सहकार्यमा आर्थिक वहस कार्यक्रम सञ्चालन गरिएको। |
| | | | विद्युतीय हाजिरी, Office Automation, PAMS जस्ता प्रणालीको पूर्ण उपयोग गर्ने | स्वचालित प्रणालीमा आधारित कार्यालय व्यवस्थापन | प्रशासन महाशाखा | अन्य महाशाखाहरु | इ-हाजिरी, अफिस अटोमेसन तथा PAMS को पूर्ण प्रयोग गरिएको। |
| | | | प्रादेशिक योजनाहरुको अनुगमन मूल्याङ्कन प्रभावकारी बनाउने | प्रदेशस्तरीय अनुगमन संयन्त्रको गठन | प्रादेशिक योजना तथा अनुगमन शाखा र बजेट तथा कार्यक्रम शाखा | मूख्य मन्त्री तथा मन्त्रीपरिषदको कार्यालय, प्रदेश योजना आयोग र अन्य विषयगत मन्त्रालयहरु | संयन्त्रको गठन हुन नसकेको।(अनुगमन तथा मूल्याङ्कनको सम्वन्धमा मुख्यमन्त्री ड्यासबोर्डबाट समेत अनुगमन मूल्याङ्कन हुने गरेको तथा विषयगत मन्त्रालय समेतले अनुगमन मूल्याङ्कन गर्ने गरेको) |
| | | | | अनुगमन मूल्याङ्कन कार्ययोजनाको तयारी | | | |
| | | | | विद्युतीय पोर्टलको विकास गर्ने | | | |
| | | | त्रैमासिक लेखा परिक्षण प्रतिवेदनको समिक्षा | मजबुत आन्तरिक प्रणालीको स्थापना | आर्थिक प्रशासन शाखा | अन्य महाशाखाहरु र प्रदेश लेखा नियन्त्रक कार्यालय | आन्तरिक समिक्षा गर्ने गरिएको। |
| | | | प्रदेश आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली तर्जुमा गर्ने। | प्रदेश आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली तयार। | कानून तथा फैसला कार्यान्वयन शाखा | बजेट, योजना तथा कार्यक्रम महाशाखा, वित्त व्यवस्थापन महाशाखा र प्रदेश लेखा नियन्त्रक कार्यालय | प्रदेश आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली तर्जुमा गरी कार्यान्वयनमा रहेको। |
| | १९५ | वित्तीय सुशासन जोखिम मूल्याङ्कन गरी उत्कृष्ट कार्यसम्पादन भएका कार्यालय र कर्मचारीलाई पुरस्कृत गरिने छ। | मन्त्रालयको/मातहतका निकायहरुको वित्तीय सुशासन जोखिमको मूल्याङ्कन गर्ने | मूल्याँकन प्रतिवेदन तयार । | आर्थिक प्रशासन शाखा | अन्य महाशाखाहरु र प्रदेश लेखा नियन्त्रक कार्यालय | मूल्याङ्कन प्रतिवेदन तयार भएको। |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | १९६ | प्रदेश सरकारका कामकारवाहीहरुलाई पारदर्शी एवम उत्तरदायी बनाउन आवधिक रुपमा सार्वजनिक सुनुवाई तथा सामाजिक परिक्षण गरिनेछ।वित्तीय अनुशासन कायम गर्न आन्तरिक नियन्त्रण प्रणाली र सार्वजनिक खर्चको मापदण्डलाई थप परिमार्जन गरी कार्यान्वयनमा ल्याइनेछ। | आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वयनका लागि आवश्यक व्यवस्थापन मिलाउने | आन्तरिक नियन्त्रण प्रणाली २०७७ का व्यवस्थाहरुको कार्यान्वयन। | कर्मचारी प्रशासन शाखा | अन्य महाशाखाहरु र प्रदेश लेखा नियन्त्रक कार्यालय | उल्लेखित व्यवस्थाहरु कार्यान्वयनको क्रममा रहेको। |
| | | | सार्वजनिक सुनुवाई गरिने। | सार्वजनिक जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन | कर्मचारी प्रशासन शाखा | अन्य महाशाखाहरु | कार्यालयमा मासिक रुपमा नियमित कर्मचारी बैठक हुने गरेको तर सार्वजनिक सुनुवाई हुन नसकेको। |
| | | | सार्वजनिक खर्चको मापदण्डलाई थप परिमार्जन गरी कार्यान्वयन गर्ने। | सार्वजनिक खर्चको मापदण्ड परिमार्जित हुने। | बजेट तथा कार्यक्रम शाखा | अन्य महाशाखा र प्रदेश लेखा नियन्त्रक कार्यालय | नयाँ सार्वजनिक खर्चको मापदण्ड स्वीकृत भई कार्यान्वयनमा रहेको। |
| | | | | सरोकारवाला निकायलाई अभिमुखीकरण | बजेट तथा कार्यक्रम शाखा | अन्य महाशाखाहरु | औपचारिक कार्यक्रम आयोजना गरी अभिमुखीकरण नभएको तर अनौपचारिक रुपमा अभिमुखीकरण गरिएको। |
| | | | | मापदण्डको प्रभाकारी कार्यान्वयन अनुगमन | बजेट तथा कार्यक्रम शाखा | प्रदेश सरकारका सवै निकायहरु | निर्देशिकाको पालनाको अनुगमनको लागि निर्देशिकाको दफा 27 मा अनुगमन समितिको व्यवस्था रहेको।मन्त्रालयमा निर्देशिकाको पालना पालना गरिएको। |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १४२ | २१७ | प्रदेश सरकारको राजस्व परिचालनलाई प्रभावकारी बनाउदै सम्भावित चुहावट नियन्त्रणको लागि प्रविधिमा आधारित समन्वयात्मक संयन्त्र तर्जुमा गरी कार्यान्वयन गरिनेछ । चालु वर्षको राजस्व परामर्श समितिको प्रतिवेदन लगायत स्थलगत अध्ययन एवम् सरोकारवालाहरू सँगको छलफलबाट प्राप्त निश्कर्षलाई क्रमशः कार्यान्वयन गरिनेछ । | राजस्व चुहावट अनुगमनका लागि कार्यविधिको तयारी | राजस्व चुहावट अनुगमनका लागि कानूनी व्यवस्था हुने | राजस्व व्यवस्थापन शाखा | अन्य महाशाखाहरु र प्रदेश लेखा नियन्त्रक कार्यालय | विद्यमान कानूनी व्यवस्था बाहेक थप कानूनी व्यवस्था हालसम्म हुन नसकेको। |
| | | | राजस्व संकलन व्यवस्थापनमा सूचना प्रविधिको उपयोग गर्ने | राजस्व संकलनमा सूचना प्रविधिको उपयोगको सम्भावनाको अध्ययन | राजस्व व्यवस्थापन शाखा | अन्य महाशाखाहरु र प्रदेश लेखा नियन्त्रक कार्यालय | |
| | | | | अध्ययन प्रतिवेदन/सुझाव प्राप्त हुने | राजस्व व्यवस्थापन शाखा | अन्य महाशाखाहरु र प्रदेश सहयोग कार्यक्रम | |
| | २१८ | प्रदेशको सार्वजनिक वनक्षेत्र, प्राकृतिक रुपमा सौन्दर्य स्थान तथा सार्वजनिक र सरकारी जग्गामा गरी प्रदेश सरकारले होर्डिङ्गबोर्ड र विज्ञापन जन्य सामाग्रीहरु तयार गरी प्रतिस्पर्धात्मक ढंगले उपयोग गर्ने व्यवस्था मिलाई प्रदेश सरकारको आम्दानी अभिबृद्धि गरिनेछ। | विज्ञापन करको दायरा विस्तार गर्ने सम्वन्धमा स्थानीय तहसँगको समन्वयनमा नमुना कानून निर्माण गर्ने तथा कर संकलनमा आवश्यक सहयोग र सहजीकरण गर्ने। | विज्ञापन करको नमुना कानून तर्जुमा | राजस्व व्यवस्थापन शाखा | अन्य महाशाखाहरु र शाखाहरु | नमुना कानून तर्जुमा गर्न नसकेको। |
| | | | स्थानीय तहलाई विज्ञापन कर कार्यान्वयनमा अभिमुखीकरण/सहजीकरण गर्ने | विज्ञापन करको प्रभावकारी कार्यान्वयन | राजस्व व्यवस्थापन शाखा | अन्य महाशाखाहरु र शाखाहरु | |
| | २१९ | राजस्व सङ्कलनलाई थप पारदर्शी तथा प्रभावकारी बनाउन राजस्व चुहावट नियन्त्रण सम्बन्धी नीति तथा कानून तर्जुमा गरी राजस्व संकलनमा सूचना प्रविधिको प्रयोग बढाइनेछ। करदाताले विद्युतीय माध्यमबाट कर तिर्न सक्ने व्यवस्थालाई अझ प्रभावकारी बनाइनेछ। | राजस्व चुहावट नियन्त्रण सम्वन्धि आवश्यक नीतिगत र संस्थागत व्यवस्था गर्ने। | राजस्व चुहावट नियन्त्रण सम्वन्धि कार्यविधि तयार। | कानून तथा फैसला कार्यान्वयन शाखा र राजस्व व्यवस्थापन शाखा | अन्य महाशाखाहरु र प्रदेश लेखा नियन्त्रक कार्यालय | कार्यविधीको प्रारम्भिक मस्यौदा तर्जुमा भएको। |
| | | | राजस्व चुहावटका सम्भावित क्षेत्रहरुको खोजी गरी समस्या समाधानका उपाय अवलम्वन गर्ने | राजस्व चुहावट नियन्त्रण। | राजस्व व्यवस्थापन शाखा | अन्य महाशाखाहरु र शाखाहरु | |
| | २२० | विगत आर्थिक वर्षहरुको संकलित मनोरञ्जन कर एकमुष्ठ २०७९ साल फागुन मसान्तसम्ममा बुझाएमा सो मा लाग्ने ब्याज छुट दिने | उल्लेखित व्यवस्थाको प्रचारप्रसार गर्ने | रेडियो जिङ्गलको निर्माण गर्ने | राजस्व व्यवस्थापन शाखा | अन्य महाशाखाहरु र प्रदेश लेखा नियन्त्रक कार्यालय | रेडियो जिङ्गल निर्माण गरिएको। |
| | | | | प्रदेश १ विभिन्न रेडियोसँगको समन्वयमा रेडियो जिङ्गलको प्रसारण | राजस्व व्यवस्थापन शाखा | अन्य महाशाखाहरु र प्रदेश लेखा नियन्त्रक कार्यालय | विभिन्न रेडियो मार्फत जिङ्गलको प्रसारण गरिएको। |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | व्यवस्था। | | ब्याज छुटको जानकारी स्थानीय तह र सरोकारवाला सम्म पुग्ने | राजस्व व्यवस्थापन शाखा | अन्य महाशाखाहरु र प्रदेश लेखा नियन्त्रक कार्यालय | ब्याज छुटको जानकारी स्थानीय तह र सरोकारवाला निकायसम्म पुऱ्याइएको। |
| | | | मनोरञ्जन कर संकलनमा सहजीकरण गर्ने | विगत वर्षहरुको समेत मनोरञ्जन कर प्राप्त। | राजस्व व्यवस्थापन शाखा | अन्य महाशाखाहरु र प्रदेश लेखा नियन्त्रक कार्यालय | मनोरञ्जन कर प्राप्ति। |
| १४७ | २०७ | प्रदेशमा वित्तीय साक्षरता अभिवृद्धिका लागि वित्तीय संस्थाहरूसँगको समन्वय र सहकार्यमा साक्षरता सम्बन्धि कार्यक्रम सञ्चालन गरिनेछ। | प्रदेशस्तरमा पूँजि बजार विस्तारका लागि धितोपत्र बोर्डसँगको सहकार्यमा सचेतना कार्यक्रम गर्ने | प्रदेशमा पूँजी बजारको विस्तार भई DMAT लिनेहरुको संख्या बढ्ने । | वित्तीय क्षेत्र व्यवस्थापन शाखा | अन्य महाशाखाहरु र प्रदेश लेखा नियन्त्रक कार्यालय | १ वटा पूँजीबजार, बीमा र वित्तीय साक्षरता सम्वन्धि सचेतना सम्वन्धि कार्यक्रम सञ्चालन गरिएको। |
| | | | बीमा समितिसंगको सहकार्यमा बिमा व्यवसाय र जोखिम बहन सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गर्ने | बिमा सम्बन्धी सचेतना कार्यक्रम संचालन | वित्तीय क्षेत्र व्यवस्थापन शाखा | अन्य महाशाखाहरु र प्रदेश लेखा नियन्त्रक कार्यालय | |
| | | | अर्थमन्त्रालय र बैंक तथा वित्तिय संस्थाहरुसँगको समन्वयमा वितीय साक्षरता कार्यक्रम संचालन गर्ने | वित्तीय पहुँच अभिबृद्दि | वित्तीय क्षेत्र व्यवस्थापन शाखा | अन्य महाशाखाहरु र प्रदेश लेखा नियन्त्रक कार्यालय | |
| १४४ | २०२ | सहभागितामूलक योजना तर्जुमालाई फागुन महिना देखिनै सुरु गरिनेछ। चालु वर्षमा सञ्चालन भएका आयोजना, कार्यक्रमको समीक्षा एवम् विश्लेषण गर्दै सबै जिल्ला तथा निर्वाचन क्षेत्र स्तरीय योजना तर्जुमा गोष्ठी सञ्चालन गरिनेछ। | प्रत्येक जिल्लामा योजना तर्जुमा गोष्ठी सञ्चालन गर्ने। | आवश्यक नीतिगत मार्गदर्शन र सुझाव प्राप्त | प्रादेशिक योजना तथा अनुगमन शाखा | अन्य महाशाखाहरु र प्रदेश लेखा नियन्त्रक कार्यालय | प्रदेश नामाकरण पश्चातको अवस्थाको कारण जिल्लामा गएर योजना तर्जुमा कार्यक्रम सञ्चालन गर्न नसकिएको। |
| | २०३ | योजना तर्जुमा गोष्ठीबाट प्रस्ताव/छनौट भएका आयोजनालाई सम्बन्धित कार्यालयबाट तत्कालै पूर्वसम्भाव्यता अध्ययन गराई सम्भाव्य देखिएका आयोजनालाई विस्तृत अध्ययन पश्चात् परियोजना बैंकमा समावेश गरी आगामी वर्षको बजेटमा समावेश | प्रदेश योजना आयोगलाई परियोजना बैंक तयारीका लागि आवश्यक सुझाव एवम पृष्ठपोषण दिने। | परियोजना बैंक तयारीमा सहयोग हुने। | प्रादेशिक योजना तथा अनुगमन शाखा | प्रदेश योजना आयोग र मन्त्रालयका अन्य महाशाखाहरुहरु। | परियोजना बैंक सञ्चालनका लागि आवश्यक कानूनी व्यवस्थापनका लागि प्रदेश आयोजना बैंक व्यवस्थापन कार्यविधि, २०८० र प्रदेश स्तरीय आयोजना छनौट तथा बर्गीकरण सम्वन्धि कार्यविधी, २०८० स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको। |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | गर्दै कार्यान्वयमा लैजाने नीति लिइनेछ। विकास कार्यक्रम तथा आयोजनाको वर्गीकरण तथा बाँडफाँड सम्बन्धि मापदण्डको आधारमा प्रदेशस्तरीय आयोजना सञ्चालनमा जोड दिइनेछ। | योजना तर्जुमा दिग्दर्शन संशोधन गर्ने | संशोधित योजना तर्जुमा दिग्दर्शन तयार हुने | बजेट तथा कार्यक्रम शाखा | अन्य महाशाखाहरु | संशोधित योजना तर्जुमा दिग्दर्शन तयार नभएको। |
| | २०० | बजेट तथा कार्यक्रम कार्यान्वयन कार्ययोजना तर्जुमा गरी माथिल्लो पदाधिकारीसँग कार्यसम्पादन सम्झौता गरी नियमित रुपमा प्रगति मूल्याङ्कन गर्ने परिपाटीलाई थप प्रभावकारी बनाइनेछ। | मन्त्रीसँग सचिवले, सचिवसँग महाशाखा प्रमुखले र प्रदेश लेखा नियन्त्रकले, महाशाखा प्रमुखसँग शाखा प्रमुखले र प्रदेश लेखा नियन्त्रकसँग प्रदेश लेखा इकाई प्रमुखले कार्यसम्पादन करार गर्ने | कार्यसम्पादन करार सम्पन्न। | कर्मचारी प्रशासन शाखा | अन्य महाशाखाहरु | कार्यसम्पादन करार सम्पन्न गरिएको। |
| | | | कार्यसम्पादन मूल्याकनलाई कार्य सम्पादन सम्झौतासँग आवद्द गर्ने प्रणालीको सुरुवात गर्ने । | कार्यसम्पादन मूल्यांकन वस्तुपरक । | कर्मचारी प्रशासन शाखा | अन्य महाशाखाहरु | |
| | २०८ | वैदेशिक सहायता परिचालनमा थप प्रभावकारिता ल्याउन संस्थागत सुदृढीकरण गर्दै हालै जारी भएको कार्यविधिलाई प्रभावकारी रुपमा लागु गरिने छ । | सरोकारवालाहरुसँग छलफल तथा अन्तर्क्रिया कार्यक्रम आयोजना गर्ने | बैदेशिक सहायता परिचालनको प्रभावकारितामा अभिवृद्धि | विकास सहायता तथा अनुदान व्यवस्थापन शाखा | अन्य महाशाखाहरु | विकास साझेदार सम्वन्धि कार्यक्रम मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट कार्यान्वयन भएकाले उक्त कार्यक्रममा मन्त्रालयबाट सहभागी भएको। |
| | | | अन्तर्राष्ट्रिय विकास सहायता परिचालन तथा समन्वयन सम्वन्धि कार्यविधी, 2078 को दफा ४ बमोजिमको आयोजना/कार्यक्रमको सूचीको पूर्वतयारीका लागि मन्त्रालयहरुसँग छलफल | आवधिक योजनाले लिएका लक्ष्य प्राप्तिमा सहयोग हुने खालका आयोजना/कार्यक्रम को सूची संकलन | विकास सहायता तथा अनुदान व्यवस्थापन शाखा | अन्य महाशाखाहरु | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | सूची तयार | विकास सहायता तथा अनुदान व्यवस्थापन शाखा | अन्य महाशाखाहरु | |
| | | | कार्यविधिको दफा १८ को समितिको बैठक | अन्तर्राष्ट्रिय विकास सहायता परिचालन गरी कार्यान्वयन भएका आयोजना/कार्यक्रम को समिक्षा तथा अनुगमन हुने। | विकास सहायता तथा अनुदान व्यवस्थापन शाखा | अन्य महाशाखाहरु | समितिको बैठक १ पटक बसी १ वटा आयोजना (Investment and Innovation for Economic Development (UDAYA) Phase1) लाई अन्तरा्ष्ट्रिय सहायता प्राप्तिका लागि थप प्रक्रिया अगाडी बढाइएको। |
| | २२६ | बजेट तथा कार्यक्रमको कार्यान्वयनका लागि आर्थिक वर्ष शुरु हुनु अगावै कार्यान्वयन कार्य योजना सबै मन्त्रालय तथा निकायहरुबाट २०७९ असार मसान्त भित्रै स्वीकृत गरी कार्यान्वयनमा ल्याइनेछ। | बजेट तथा कार्यक्रम कार्यान्वयन कार्ययोजना स्वीकृत | स्वीकृत बजेट तथा कार्यक्रमको कार्यान्वयन कार्य योजना अनूरुप सबै मन्त्रालय तथा निकायहरुबाट कार्यान्वयन | आर्थिक मामिला तथा योजना मन्त्रालय | विषयगत सबै मन्त्रालय र निकायहरु | बजेट तथा कार्यक्रम कार्यान्वयन कार्ययोजना स्वीकृत भई कार्यान्वयन भएको। |
| २१५ | २२९ | आर्थिक मामिला तथा योजना मन्त्रालयले आवधिक रुपमा बजेट तथा कार्यक्रम कार्यान्वयनको समीक्षा गर्नेछ । | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसँगको समन्वयमा आ.ब. ०७८/७९ को वार्षिक समीक्षा गर्ने । | मूल्याँकन प्रतिवेदन तयार । | बजेट तथा कार्यक्रम शाखा | सबै विषयगत मन्त्रालय, सचिव र आयोगहरु र अन्य महाशाखाहरु | वार्षिक र अर्धवार्षिक मूल्याङ्कन/प्रगति प्रतिवेदन तयार गरी वेभसाइड मार्फत सार्वजनिक गरिएको। |
| | | | बजेट कार्यान्वयनको आवधिक समीक्षा गर्ने। | निर्णय/प्रतिवेदन प्रकाशन गर्ने। | बजेट तथा कार्यक्रम शाखा | सबै विषयगत मन्त्रालय, सचिव र आयोगहरु र अन्य महाशाखाहरु | बजेट कार्यान्वयनको समीक्षा आवधिक रुपमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा हुने गरेको। |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २१६ | २२७ | सबै मन्त्रालयहरुले बजेट तथा कार्यक्रम कार्यान्वयनका लागि आवश्यक, नियमावली, निर्देशिका, कार्यविधि, मापदण्ड संशोधन गर्नुपर्ने भए आगामी आर्थिक बर्षको श्रावण मसान्त भित्र र नयाँ तर्जुमा गर्नुपर्ने भए पहिलो त्रैमासिक भित्र स्वीकृत गरिसक्नु पर्नेछ। | वित्तीय क्षेत्र समन्वयन सम्वन्धी कार्यविधिको मस्यौदा तयारी गर्ने | वित्तीय क्षेत्र समन्वयन सम्वन्धी कार्यविधिको मस्यौदा म.प.मा पेश गर्ने | कानून तथा फैसला कार्यान्वयन शाखा | वित्तीय क्षेत्र व्यवस्थापन शाखा र अन्य महाशाखाहरु | प्रथम मस्यौदा तयार गरिएको। |
| | | | प्रदेश निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम सञ्चालन कार्यविधिको मस्यौदा तयारी गर्ने | प्रदेश निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम सञ्चालन कार्यविधीको मस्यौदा तयार हुने | विकास सहायता तथा अनुदान व्यवस्थापन शाखा | कानून तथा फैसला कार्यान्वयन शाखा र अन्य महाशाखाहरु | कार्यविधि स्वीकृत भई कार्यान्वयनको क्रममा समेत गएको तर सम्मानित सर्वोच्च अदालतको आदेश बमोजिम कार्यविधि बमोजिमका क्रियाकलाप कार्यान्वयनको प्रक्रिया स्थगित गरिएको। |
| | | | | राय/परामर्शका लागि सम्वन्धित मन्त्रालयमा पेश गर्ने | विकास सहायता तथा अनुदान व्यवस्थापन शाखा | कानून तथा फैसला कार्यान्वयन शाखा र अन्य महाशाखाहरु | राय प्राप्त भएको। |
| | | | | अन्तिम स्वीकृतीका लागि म.प.मा पेश गर्ने | विकास सहायता तथा अनुदान व्यवस्थापन शाखा | कानून तथा फैसला कार्यान्वयन शाखा र अन्य महाशाखाहरु | म.प. बाट स्वीकृत भएको। |

## 11.मुख्य मुख्य समस्या/चुनौतीहरु

- प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS) मा प्रदेशको आवधिक योजना अनुसार तथा अन्य आवश्यकताका विवरणहरु प्रविष्टि गर्न र आवश्यक प्रतिवेदनहरु प्राप्त गर्न सकिने तथा प्राविधिक समस्या समाधान गर्न यस मन्त्रालयलाई पहुँच प्राप्त नभएको हुँदा बजेट तर्जुमा र कार्यान्वयनमा समस्याहरु सृजना हुने गरेको।
- बजेट तर्जुमा गर्दाको अन्तिम समयमा PLMBIS प्रणालीमा समय समयमा समस्या आउने गरेको ।
- प्रदेशमा तथ्याङ्क व्यवस्थापन सम्बन्धी प्रणाली नभएको एवम् यस मन्त्रालयमा तथ्याङ्कशास्त्रीको दरबन्दी समेत रिक्त रहेको हुँदा बजेट तर्जुमा, आर्थिक सर्वेक्षण एवम् आर्थिक नीति तर्जुमा गर्न आवश्यक पर्ने तथ्याङ्क तथा विवरणहरु सहज रुपमा प्राप्त हुन नसकेको।
- विनियोजन दक्षता, वित्तीय जवाफदेहिता/अनुशासन, अनुगमन तथा मूल्याङ्कन सम्बन्धी विषयहरू प्रभावकारी हुन नसकेको।

## 11.समस्या समाधानका लागि गरिएका प्रयासहरु

- प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS) संग सम्वन्धित समस्या समाधान गर्न अर्थ मन्त्रालयसंग समन्वय गरिएको ।
- संघिय अर्थ मन्त्रालयको प्राविधिक सहयोगमा नयाँ प्रविधिमा आधारित नयाँ संस्करणको PLMBIS बाट आ.व.20८०/8१ को बजेट तर्जुमाको कार्य गरिएको।
- आर्थिक सर्वेक्षणकोलागि संघिय अर्थ मन्त्रालयबाट विषयविज्ञ/कर्मचारीलाई आमन्त्रण गरी आर्थिक सर्वेक्षण तर्जुमा गरिएको ।

## अनुसूची-१
## आ.व.२०७९/८० को बजेट

रु. हजारमा

| सि. नं. | अनुदान संख्या | मन्त्रालय | सुरु विनियोजन | रकमान्तर घट | अन्य निकायबाट रकमान्तर थप | अर्थ विविधबाट थप | संघ सशर्त अनुदान थप | कायम भएको विनियोजन |
|---|---|---|---|---|---|---|---|---|
| 1. | 202 | प्रदेश व्यवस्थापिका सचिवालय | २४८८३५ | ० | ० | ० | ० | २४८८३५ |
| 2. | 210 | प्रदेश लोकसेवा आयोग | ९०००० | ० | ० | २१०० | ० | ९२१०० |
| 3. | 216 | मुख्य न्यायाधिवक्ताको कार्यालय | १९५०० | ० | ० | ६० | ० | १९५६० |
| 4. | 301 | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ८२२६६५ | १३४६०६.३७२ | ० | १००० | २६७.९९४ | ६८९३२६.६२२ |
| 5. | 305 | आर्थिक मामिला तथा योजना मन्त्रालय | १९०५९६ | ३४२४ | ० | १५०२१९३.९९२ | ० | १६८९३६५.९९२ |
| 6. | 307 | उद्योग, श्रम तथा रोजगार मन्त्रालय | ४६९२५४ | ११००० | ५४१.८ | ० | १४३६.२५ | ४६०२३२.०५ |
| 7. | 312 | कृषि मन्त्रालय | २३८८४५० | ४५१३६०.२८ | ० | ० | ५८०५३.०८ | १९९५१४२.८ |
| 8. | 313 | खानेपानी, सिंचाई तथा उर्जा मन्त्रालय | 5957916 | ० | ० | 360690.772 | ० | 6318606.772 |
| 9. | 314 | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | ६७४८१० | ४५०० | १६६१ | २७५९ | ० | ६७४७३० |
| १०. | 325 | पर्यटन तथा संस्कृति मन्त्रालय | ११२२६५० | ४५३०० | ५१२ | ० | ० | १०७७८६२ |
| ११. | 329 | वन, वातावरण तथा भू-संरक्षण मन्त्रालय | १८२३०५४ | ८७ | १६२२४ | १४३६.४०५ | २४६९९ | १८६५३२६.४०५ |
| १२. | 336 | भूमी व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | २५६०९९ | ३४०९७.९८८ | ० | १२९१.६६४ | ० | २२३२९२.६७६ |
| १३. | 337 | सडक पूर्वाधार तथा शहरी विकास मन्त्रालय | १२८८१२०६ | ३१०० | ३१७९९ | १८३४४६५ | ८४०० | १४७५२७७० |
| 1४. | 350 | सामाजिक विकास मन्त्रालय | १७८७४०० | २४३७४६ | ० | ८२००० | १७००० | १६४२६५४ |
| १५. | 358 | यातायात व्यवस्था तथा सञ्चार मन्त्रालय | ३०५००० | १६६१ | ० | ० | ० | ३०३३३९ |
| १६. | 370 | स्वास्थ्य मन्त्रालय | ३५६०८४४ | ० | ० | ६३ | ७९३८७ | ३६४०२९४ |
| 1७. | 391 | प्रदेश योजना आयोग | ५०६८८ | ० | ० | ० | ० | ५०६८८ |
| 1८. | 601 | कर्मचारी सुविधा तथा सेवा निवृत्त सुविधा | २०००० | ० | ० | ० | ० | २०००० |
| 1९. | 602 | अर्थ विविध | ३९१७८८४ | ४१९४६८३.८३३ | २९४११७.४६८ | ० | ० | १७३१७.६३५ |
| २०. | 801 | स्थानीय तह | ३१५१४४९ | ० | ५८८०२७.३७२ | ४०६६२४ | ० | ४१४६१००.३७२ |
| **जम्मा** | | | ३९७३८३०० | ५१२७५६६.४३७ | ९३२८८२.६४ | ४१९४६८३.८३३ | १८९२४३.३२ | ३९९२७५४३.३२४ |

**(नोट: संघ सशर्त अनुदान अन्तर्गतका संघीय सरकारले फिर्ता लगेको आयोजना/कार्यक्रमको विवरण घटाइएको छैन)**